# जन्तेढुङ्गा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ३ मितिः२०८१।०५।१९

## भागः२

## जन्तेढुङ्गा गाउँपालिकाद्वारा प्रकाशित

## जन्तेढुङ्गा गाउँपालिकाको कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावनाः-

गाउँपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवं समपुरक अनुदानका साथै गाउँपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट विनियोजित रकमको चार(४)% प्रतिशतका दरले कट्टा गरी हुन आउने कन्टिन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिइएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः-**

(क) यस कार्यविधिको नाम **जन्तेढुङ्गा गाउँपालिकाको कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८१** रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकवाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

## परिच्छेद-२

## परिभाषा

**२.परिभाषाः-**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः-

(क) "कन्टिन्जेन्सी रकम" भन्नाले गाउँपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवं समपूरक अनुदानका साथै गाउँपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट विनियोजित रकमको चार(४) प्रतिशतका दरले कट्टा गरी हुन आउने रकमलाई सम्झनु पर्दछ ।

(ख) "कार्यविधि" भन्नाले **जन्तेढुङ्गा गाँउपालिकाको कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८१** सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले जन्तेढुङ्गा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झुन पर्दछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "वडा अध्यक्ष" भन्नाले जन्तेढुङ्गा गाउँपलिकाको सम्बन्धित वडाको वडा अध्यक्ष भनी सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका र वडा समिति समेतलाई सम्झनु पर्दछ ।

(झ) "भौतिक पूर्वाधार" भन्नाले गाउँपालिका भित्रका सडक, झोलुङ्गे पुल, कलभर्ट, कुलो, खानेपानी, सिंचाई, तटबन्धन क्षेत्र, सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र खेलमैदान, कभर्डहल र अन्य यस्तै प्ररकारका सार्वजनिक भवन तथा संरचनाहरुका अतिरिक्त पुरातात्विक, साँस्कृतिक, ऐतिहासिक क्षेत्र वा सो जन्य पूर्वाधार समेतलाई सम्झनु पर्दछ ।

(ञ) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट **जन्तेढुङ्गा गाउँपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५** बमोजिम गठन गरेको समिति सम्झनु पर्दछ र सो समूहले सेवा प्रयोगकर्ताहरुको समूहलाई समेत जनाउँदछ ।

(ट) "गैरसरकारी संस्था" भन्नाले यस कार्यविधीको प्रयोजनका लागि प्रचलित कानुन बमोजिम स्थापना भएका र स्थानीय तहबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर नाफामुलक संस्था सम्झनु पर्दछ ।

(ठ) "भुक्तानी रकम" भन्नाले निर्माण भएको सडकको भुक्तानी हुँदा गाउँपालिका अनुदान, प्रदेश सरकारको अनुदान, नेपाल सरकारको अनुदान, कुनै अन्य संस्थाको अनुदान तथा उपभोक्ताको लागत सहभागिताको रकमलाई समेत जनाउँदछ ।

(ड) सडक, खानेपानी, विद्युत भन्नाले जन्तेढुङ्गा गाउँपालिका भित्र बनेका सडक, बाटो, पूर्वाधारजन्य संरचना वा सरकारी भवन मर्मत रेखदेख समेतको कार्य गर्ने कार्यका लागि सडक हेरालु, खानेपानी आयोजना सञ्चालन, मर्मत रेखदेख र नियमितताका लागि खानेपानी हेरालु र विद्युत सेवा सुचारु मर्मत नियमितताका लागि विद्युत अपरेटर इलेक्ट्रिसियनलाई सेवा करार गरिएका हेरालु भनि सम्झनु पर्दछ ।

**परिच्छेद-३**

## कन्टिन्जेन्सी रकमको उद्देश्य, व्यवस्था तथा खर्च

**३. उद्देश्यः-** कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन्ः-

(क) योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी बपतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न,

(ख) दफा ५ मा उल्लेखित क्षेत्रहरुमा मात्र कन्टिन्जेन्सी बापतको रकम खर्च गर्न,

(ग) कन्टिन्जेन्सी बापतको रकमलाई एकीकृत रुपमा लगत राखी सो को योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्न,

(घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्न,

(ङ) कन्टिन्जेन्सी वापतको रकमको यथार्थपरक विवरण अभिलेखीकरण गर्न, आदि ।

**४. कन्टिन्जेन्सी रकमको व्यवस्थाः-**

जन्तेढुङ्गा गाउँपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको तोकिए बमोजिम कन्टिन्जेन्सी बापतको रकम कट्टा गरी हुन आउने रकमलाई एकीकृत गरि उक्त रकमलाई दफा ५ मा उल्लेख भए बमोजिमका शीर्षकहरुमा मात्र खर्च गर्न सकिनेछ ।

**५. खर्च गर्न सकिने क्षेत्रहरुः-**

योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी कट्टा रकमलाई गाउँपालिकाले देहायका शीर्षकहरुमा मितव्ययी, पारदर्शी ढङ्गले खर्च गर्न सक्नेछ ।

१. योजना अनुगमन तथा सुपरिवेक्षण एंव योजनासँग सम्बन्धित प्रशासनिक, वैठक भत्ता, खाजा-खाना, सञ्चार, इन्धन लगाएतको कार्यमा,

२. योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री, सवारी साधन, कम्प्युटर, डेस्कटप, प्रिन्टर, आदि,

३. तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका अन्य योजना तथा कार्यक्रमहरु, विस्तृत अध्ययन प्रतिवेदन, राजश्व वृद्धिका प्रयास आदि,

४. योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक तथा सहयोगी कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च (करार, ज्यालादारी),

५. पूर्वाधारजन्य संरचना सरकारी भवन मर्मत रेखदेख नियमितताका लागि समेतको कार्य गर्ने कार्यका लागि सडक हेरालु खर्च(करार, ज्यालादारी),

६. खानेपानी आयोजना सञ्चालन, मर्मत, रेखदेख र नियमितताका समेत कार्य गर्नका लागि खानेपानी हेरालु(करार, ज्यालादारी),

७. विद्युत सेवा सूचारु, मर्मत नियमितता समेत कार्य गर्नका लागि विद्युत अपरेटर, इलेक्ट्रिसियन(करार, ज्यालादारी),

८. योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण/तालिम/गोष्ठी कार्यक्रम सञ्चालनमा लाग्ने खर्च,

९. योजना तथा कार्यक्रमको अनुगमन तथा निरिक्षणका क्रममा भएको यातायात खर्च (सवारी साधन भाडामा लिंदा),

१०. स्थानीय तह तथा अन्य निकायको योजना तथा कार्यक्रमको असल अभ्यासको सिको तथा अनुशरण गरि त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च

११. गाउँपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र,

**५. कन्टिन्जेन्सी रकमको खर्च प्रकृतिः-**

योजना तथा कार्यक्रमको कूल कन्टिन्जेन्सी रकम मध्ये प्रशासनिक(चालू) अधिकतम ५० प्रतिशत र (पूँजीगत) अधिकतम ५० प्रतिशतका दरले खर्च गर्न सकिनेछ।

**६. कन्टिन्जेन्सी रकम एकीकृत तथा खर्च प्रणालीः-**

गाउँपालिकाको वार्षिक स्वीकृत बजेट तथा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपूरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी वापतको रकमलाई योजनाको भुक्तानीको क्रममा प्रति योजना चार(४) प्रतिशत(%) का दरले कट्टा गरी सो को लगत राखिनेछ ।

तर योजना तथा कार्यक्रमको कन्टिन्जेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन संगै खर्च गरिने व्यवस्था मिलाइनेछ ।

## परिच्छेद-४

## विविध

**७. थपघट, हेरफेर वा संशोधनः-**

विधान समितिको सिफारिसमा कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरि संशोधन गर्न सक्नेछ ।

**८. बाधा अडकाउ फुकाउने अधिकारः-**

(क) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार विधान समितिमा निहित हुनेछ ।

(ख) तर प्रचलित ऐन, कानून, नियम र यस कार्यविधिको मुलभूत कुरालाई असर गर्ने गरि बाधा अडकाउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन।

**९. यसै बमोजिम भए गरेको मानिनेः-**

यो कार्यविधि स्वीकृत हुनुपूर्व योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी रकमबाट योजना कार्यान्वयनसँग सम्बन्धित भए गरेका क्रियाकलापहरु यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ ।

राजपत्रमा प्रकाशन भएको मितिः- संवत् २०८१ साल ०५ महिना १९ रोज शुभम् ।

आज्ञाले

विनय निरौला

प्रमुख प्रशासकीय अधिकृत